फोन:-०४४–४११०५२

# औरही नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

औरही, महोत्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०८०/०८१
**चलानी नं.** :-

**दोश्रो पटक प्रकाशित सूचना**
मिति २०८०/०५/११ गते

**विषय :- मत्स्य पालनका लागि पोखरी ठेक्का सम्बन्धी सिलबन्दी दरभाउ पत्र आह्वान सूचना ।**

यस नगरपालिकाको आन्तरिक आय वृद्धि गर्ने उद्देश्यले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिम यस नगरपालिकाको क्षेत्रधिकार भित्र पर्ने देहाय बमोजिमको सार्वजनिक पोखरीहरुमा मत्स्य पालन गर्न/गराउन आ.व. २०८०/०८१ देखि २०८२/०८३ सम्म ३ (तीन) वर्षका लागि एकमुष्ट गनी महसुलमा पोखरी ठेक्का/बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट यस कार्यालयको website मा राखिएको तथा यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको विस्तृत सूचना तोकिएको शर्तहरुको अधिनमा रही सूचना प्रकाशति भएको मिति ७ (सात) औं दिनसम्म कार्यालय समय भित्र राजश्व/प्रशासन शाखाबाट दरभाउमा दस्तुर रु.१,०००। (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) दरभाउपत्र खरिद गरी ८ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता हुने गरी सिलबन्दी दरभाउ सूचना आह्वान गरिएको व्यहोरा अनुरोध छ ।

**निम्न बमोजिमको पोखरी**

| सि.नं. | वडा नं. | पोखरीको नाम | कबोल रकम रु. | धरौटी रकम ५% | कैफियत |
|---|---|---|---|---|---|
| १ | ३ | लखन पोखरी | ५,००,००१। | २५,०००.०५। | |

**शर्त तथा बन्देजहरु**

१. आ.व. ०८०/०८१ देखि ३ वर्षका लागि पोखरी ठेक्काको न्यूनतम रकम कायम गरिएको छ । न्यूनतम रकम भन्दा माथि सबै भन्दा बढी कबोल गर्ने सारभुत रुपमा प्रभावग्राही बोलपत्र दातालाई नियमानुसार ३ वर्षका लागि ठेक्का दिई चलन गर्न दिइनेछ ।

२. नगरपालिकालाई तिर्न वक्यौता रहेको, पेश्की तथा बेरुजु रहेमा नगरपालिकाले कालो सूचीमा राखी सेवा रोक्का राखेको व्यक्ति वा निजको एकाघरको परिवार सदस्यहरुको ठेक्का लिन पाउने छैन ।

३. प्राप्त बोलपत्रहरु मिति २०८०/०५/१८ गते अपरान्ह २:०० बजे कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । सो समय बोलपत्र दाता अथवा निजको अधिकार प्राप्त प्रतिनिधि उपस्थिति हुनुपर्ने छ । उपस्थिति नभए पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

४. शिलबन्दी दिने व्यक्ति नेपाली नागरिकले बोल रकमको ५ प्रतिशत हुने धरौटी रकम यस न.पा. कार्यालयको सिटिजन्स बैंक लि. शाखाका कार्यालय औरहीमा धरौटी खाता नं. ०६६०१०००००१२४२०१ मा जम्मा गरी सोको सक्कलै भौचर बोलपत्र साथ दाखिला गर्नुपर्ने छ ।

५. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आँशिक स्वीकृत गर्ने सर्वाधिकार न.पा.मा सुरक्षित रहने छ ।

६. सदर हुन बोलपत्र दाताले ठेक्का अंकको दामासहीले धरौटी बाहेकको ३ वर्षलाई कवोल गरेको रकम वार्षिक दामासाहीले हुने रकम मध्ये पहिलो किस्ता र, बार्षिक हुन आउने रकम सम्झौता गर्दा नै अग्रीम रुपमा बुझाउनु पर्नेछ ।

७. ठेकेद्वारले राखिएको बैंक ग्यारेन्टी रकम नगरपालिकाले जुनसुकै बखत माग गरी वक्यौता रकम असुल उपर गर्न सक्नेछ ।

८. ठेक्का चलनको सम्बन्धमा अदालत, नगरपालिका, स्थानीय प्रशासन, नेपाल सरकारले दिएको आदेश निर्देशन नगरपालिका समक्ष माग दावी ठेकेदारले गर्न पाउने छैन् ।

९. ठेक्का चलन गर्दा प्रचलित नेपाल कानुन (संघीय, प्रदेश तथा स्थानीय सरकार) बमोजिम गर्न गराउनु पर्ने छ । सो अनुसार नगरेमा ठेकेदार नै स्वत: जिम्मेवार हुनेछ ।

१०. नेपाल सरकारलाई बुझाउनु पर्ने रकम कर, शुल्क, दस्तुर ठेकेदारले बुझाउनु पर्नेछ ।

११. कुनै किसिमको हाडताल, बन्द, चक्काजाम वा बाढी पहिरो सुखा आदी भएका दिनको क्षती विवरण खुलाई रकम मिन्हा माग्ने पाईने छैन ।

१२. स्वीकृत बोल रकम एकमुष्ट जम्मा गरेमा कवोल अंकको १० प्रतिशत छुट दिनेछ ।

१३. पोखरीको माछा झिक्दा विषदीको प्रयोग गर्न पाउने छैन, उक्त पोखरी सफा सुधर राख्नुपर्ने छ, पोखरी नुहाउन र पानी लिन प्रचलित संस्कार मनाउन मनाही गर्न पाउने छैन ।

१४. पोखरी हाल जुन अवस्थमा छ सोही अवस्थामा ठेक्का संचालन गर्नु पर्ने छ र पछि बाढी वर्षा वा अन्य कुनै प्रकारले पोखरी डील भत्केमा वा टुटेमा ठेकेदारले स्वंयम मर्मत गरी माछा पालन गर्नु पर्ने छ । सो लाग्ने खर्च न.पा.ले व्यहोर्ने छैन । पोखरीको सुन्दरतामा अधिवृद्धि गरी सफा र सुधर राख्नु पर्ने छ ।